# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/२/०७७/७८ मिति:- २०७७/०६/२३

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित सबै संस्थाहरु ।

विषय: **अ.प्रा.निर्देशन नं. ५/०७७ को बुँदा नं. २ मा खण्ड (घ) थप गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरुलाई मिति २०७७/०५/११ मा जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७७, अ.प्रा.निर्देशन नं. ५/०७७ मा देहाय बमोजिम थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१. अ.प्रा. निर्देशन नं. ५/०७७ को बुँदा नं. २ मा खण्ड (घ) थप :**

(घ) नेपाल सरकार, राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) मा आबद्ध भएका भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेट मार्फत गरिने राजस्व भुक्तानी सम्बन्धी कारोबारमा सम्बन्धित सेवा प्रदायकले अधिकतम देहाय बमोजिमको शुल्क लिन सक्नेछन ।

| कारोबार रकम | प्रति कारोबार अधिकतम सेवा शुल्क |
|---|---|
| रु. १,०००।- सम्म | निशुल्क |
| रु. १,००१ देखि रु.३,००० सम्म | रु.५ |
| रु. ३,००१ देखि रु.१०,००० सम्म | रु.१० |
| रु.१०,००१ देखि माथि | रु.३० |

साथै, वर्तमान कोभिड १९ को असहज अवस्थालाई दृष्टिगत गर्दै आगामी २०७७ पुस मसान्तसम्मका लागि उपरोक्त बमोजिमका सबै कारोबार रकममा निशुल्क नै गर्नु पर्नेछ ।

भवदीय,

(भुवन कडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग
९. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाहरु ।